नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #२१

# कोरोना भाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

आइतबार। ११ फाल्गुन २०७६ (२३ फेब्रुअरी २०२०)

COVID-19 पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो | फाल्गुन १० गते सम्ममा यो रोग ७७७९४ जनामा फैलीसकेको छ भने यस रोगका कारण २३५९ (चीनमा मात्र २३४८) जनाको मृत्यु भैसकेको छ | चीनबाहिर २८ वटा अन्य देशहरूमा देखिएको रिपोर्ट गरिएको छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

| | |
|---|---|
| **विश्वभर** | पुष्टी भएका केसहरू: ७७७९४<br>मृत्यु हुनेको संख्या: २३५९ |
| **चीनमा** | पुष्टी भएका केसहरू: ७६३९२<br>मृत्यु हुनेको संख्या: २३४८ |
| **चीन बाहिर** | अन्य प्रभावित देशहरु: २८<br>पुष्टी भएका केसहरू : १४०२<br>मृत्यु हुनेको संख्या: ११ |

विश्व स्वास्थ्य संगठनको Situation Report बाट (* १० फाल्गुन २०७६ सम्ममा)

नोटः दक्षिण कोरियामा कोरोना भाइरसको संक्रमण ३४६ जनामा देखिएको छ | जम्मा मृत्यु संख्या २ पुगेको छ |

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| २१६ | २१५ | १ |

क्वेरेन्टाइनमा रहेका १७५ जनाको सहित (* ११ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म

- क्वारेंटाइन स्थलमा रहेका १७५ जना सबै नेपालीहरुको नियमित रुपमा तापक्रम जाँच गर्ने गरेको | सबै जना स्वस्थ रहेको |

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ तोकिएको छ ।

## प्रदेशबाट COVID-19 सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरु:-

- चीन तथा भारतसँगका मुख्य सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरिएकोछ; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार परेका छन्; संकास्पद केस देखिएमा मन्त्रालयमा प्रतिबेदन गर्ने व्यवस्था मिलाईएकोछ; मन्त्रालयले तयार पारेका अल्गोरीदम (algorithm) र प्रोटोकल अनिवार्य रुपमा पालना गर्न निर्देशन दिईएको छ ।
- सातै प्रदेश कोभिड-१९ का संकास्पद बिरामीहरुको व्यवस्थापनका लागि तयारी अवस्थामा छन् |

**स्क्रिनिङ् तथा निगरानी:** त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल मार्फत नेपाल भित्रिने सम्पूर्ण यात्रुहरुलाई थर्मल स्क्यानर मार्फत ज्वरो मापन गर्ने; मापदण्ड (>100°F) भन्दा माथि ज्वरो, रुघाखोकी र स्वासप्रश्वासमा अपठ्यारो भएका बिरामीहरुको टेकु अस्पतालमा जाँच गरी आवश्यक उपचार, प्रयोगशाला परिक्षण, परामर्श दिने गरीनुका साथै निगरानीमा राख्ने गरीएको छ ।

COVID-19 सम्बन्धी सूचनामुलक सामाग्रीहरू मुख्य स्थानहरुमा वितरण गरिनुका साथै रेडियो तथा टेलिभिजन मार्फत संदेशमुलक सुचनाहरू प्रसारण गर्ने कार्यलाई निरन्तरता दिइदै आईएको छ।

COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ।

यस कार्यमा योगदान गर्नुहुने सम्पूर्ण निकायहरू एबम साझेदारहरूबाट प्राप्त समर्थन एवं सहयोग प्रति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय धन्यवाद ज्ञापन गर्दछ ।

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:**

COVID-19 IEC | Press Release MoHP | Technical Guidance

HUB Hospitals | Audio Visual PSAs | Contacts

COVID-19 Global Trend

**HEDMU/HEOC**
**Phone:** 01-4250845,
**Fax:** 01-4250842,
**E-mail:** heocmohp@gmail.com,
**Web:** heoc.mohp.gov.np, **fb:** fb.com/HEOC

**EDCD**
**Phone:** 01-4255796,
**Fax:** 01-4100266,
**E-mail:** ewarsedcd@gmail.com,
**Web:** edcd.gov.np, **fb:** fb.com/edcdnepal

"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"